**काठमाडौँ महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

## मिति २०८० असार १० गते बसेको अठारौँ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. १. आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम स्वीकृतका लागि नगर सभा अधिवेशनमा पेश गर्ने सम्वन्धमा ।

**निर्णय:**
राजस्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट शिफारिस भएको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट वक्तव्य काठमाडौं महानगरपालिका, नगर सभा तेह्रौं अधिवेशनको बैठक मिति २०८०/०३/१० को बैठकमा उपप्रमुखज्यूले प्रस्तुत गर्ने ।

प्रस्ताव नं. २. काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८० स्वीकृतका लागि नगर सभा अधिवेशनमा पेश गर्ने सम्वन्धमा ।

**निर्णय:**

राजस्व परामर्श समिति र विधायन समितिको बैठकबाट छलफल भई अन्तिम मस्यौदा गरिएको काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०८० काठमाडौं महानगरपालिका नगर सभा तेह्रौं अधिबेशनको मिति २०८०/०३/१० को बैठकमा प्रमुखज्यूबाट प्रस्तुत गर्ने ।

प्रस्ताव नं. ३. काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८० स्वीकृतका लागि नगर सभा अधिवेशनमा पेश गर्ने सम्वन्धमा ।

**निर्णय:**

बजेट तथा कार्यक्रम तर्जुमा समिति र विधायन समितिबाट छलफल गरी अन्तिम मस्यौदा गरिएको काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८० काठमाडौं महानगरपालिका नगर सभा तेह्रौं अधिबेशनको मिति २०८०/०३/१० को बैठकमा उपप्रमुखज्यूले प्रस्तुत गर्ने ।